आज मिति २०८२ साल असार १७ गते मङ्गलबार मानेभञ्ज्याङ गाउँपालिकाको अध्यक्ष श्री ज्ञानेन्द्र रुम्दालीज्यूको अध्यक्षतामा भएको कार्यपालिकाको बैठकमा देहायका पदाधिकारीहरुको उपस्थितिमा कार्यसूची उपर छलफलबाट भएको निर्णय यस प्रकार रहेको छ ।

तपसिल

| क.सं. | नाम,थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | ज्ञानेन्द्र रुम्दाली | अध्यक्ष | |
| २ | आश्रचन राई | उपाध्यक्ष | |
| ३ | राज कुमार रुम्दाली | वडाध्यक्ष | |
| ४ | राममणी राई | वडाध्यक्ष | अनुस्पस्थित |
| ५ | जितेन्द्र राई | वडाध्यक्ष | अनुस्पस्थित |
| ६ | विष्णु बहादुर तामाङ | वडाध्यक्ष | अनुस्पस्थित |
| ७ | राम कुमार राई | वडाध्यक्ष | अनुस्पस्थित |
| ८ | हेमराज राई | वडाध्यक्ष | अनुस्पस्थित |
| ९ | विष्णु प्रसाद गौतम | वडाध्यक्ष | |
| १० | भीम बहादुर वलम्पाखी मगर | वडाध्यक्ष | |
| ११ | पुर्ण बहादुर मगर | वडाध्यक्ष | अनुस्पस्थित |
| १२ | कृष्ण कुमारी राई | कार्यपालिका सदस्य | |
| १३ | गोमा कुमारी वि.क. | कार्यपालिका सदस्य | |
| १४ | विमला के.सी. | कार्यपालिका सदस्य | अनुस्पस्थित |
| १५ | वाल कुमारी मगर | कार्यपालिका सदस्य | |
| १६ | युवराज नेपाली | कार्यपालिका सदस्य | |
| १७ | शर्मिला राई | नि.प्रमुख प्रशासकीय अधिकृत | |

CamScanner

कार्यसूची/छलफलका विषयहरू

१. आवधिक योजना अन्तिम मस्यौदा सम्बन्धमा ।

२. आ.व.२०८२/८३ को लागि जग्गा रजिष्ट्रेशन हुने लिखितहरूमा थैली कायम गर्ने सम्बन्धमा ।

३. न्यूनतम दररेट निर्धारण सम्बन्धमा ।

४. जडीबुटी तथा कवाडी कर संकलनका लागि सिलबन्दी दरभाउपत्र/बोलपत्र आह्वान गर्ने सम्बन्धमा ।

५. जीपलाइन ओपरेसन एण्ड रेभेन्यू संकलनका लागि सिलबन्दी दरभाउपत्र/बोलपत्र आह्वान गर्ने सम्बन्धमा ।

६. लिम्बु सामुदायिक क्याम्पस अनुदान भुक्तानी सम्बन्धमा ।

६. बजेट संशोधन सम्बन्धमा ।

## २०८२/०३/१७ गतेको कार्यपालिका बैठकको निर्णय

**निर्णय नं. १:** प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानको आर्थिक वर्ष २०८१/८२ बजेट/रकमबाट यस मानेभन्ज्याङ गाउँपालिकाको आवधिक योजना निर्माणका लागि Strength Engineering Company Pvt. Ltd. सँग सम्झौता भई उक्त प्रा.लि.बाट आवधिक योजना निर्माण कार्य सम्पन्न गरी पेश भएको अन्तिम प्रतिवेदन उपर छलफल हुँदा उक्त आवधिक योजना स्वीकृत गरी सम्बन्धित निकाय प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानबाट भुक्तानीको लागि बील भर्पाई लगायत अन्य आवश्यक कागजातसहित सिफारिस गरी पठाउने निर्णय गरियो ।

**निर्णय नं. २:** मालपोत कार्यालय ओखलढुंगाको पत्र संख्या ०८१/०८२ च.नं.१७९९ मिति २०८२/०२/२९ गतेको प्राप्त पत्रानुसार आगामी आ.व.२०८२/८३ को लागि यस मानेभन्ज्याङ गाउँपालिका अन्तर्गतिका जग्गा रजिष्ट्रेशन हुने लिखितहरूमा थैली कायम गर्ने सम्बन्धमा छलफल हुँदा आ.व.२०८१/८२ को लागि कायम भएबमोजिम यथावतनै कायमका लागि सम्बन्धित निकाय मालपोत कार्यालय ओखलढुंगामा राय सुझावका लागि पठाउने निर्णय गरियो ।

**निर्णय नं. ३:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ बमोजिम गाउँपालिका क्षेत्रभित्र निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनका लागि निर्माण सामग्री, ज्याला, भाडा तथा महसुलको स्थानीय दररेट आर्थिक वर्ष शूरूहुनभन्दा १५ दिन अगावै तोकी सक्नु पर्ने व्यवस्था भएकोले आगामी आर्थिक वर्ष २०८२/८३ को लागि सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४८ बमोजिम कायम हुने जिल्ला दररेट अनुसारनै कायम गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६१ बमोजिम जडीबुटी तथा कवाडी कर संकलन कार्यका लागि आगामी आर्थिक वर्ष २०८२/८३ मा सिलबन्दी दरभाउपत्र (Bolpatra PPMO) मार्फत लागि न्यूनतम कबोल अंक मू.अ.कर वाहेक रू १५०००००।- (अक्षरूपी पन्ध्र लाख) कायम गरी बन्दोबस्त गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ बमोजिम जीपलाइन सेवा शुल्क वापत आय सकलन कार्यका लागि आगामी आर्थिक वर्ष २०८२/८३ मा सिलबन्दी दरभाउपत्र (Bolpatra PPMO) मार्फत लागि तग वर्षको न्यूनतम कबोल अंक मू.अ.कर सहित रू ७१००००।- (अक्षरूपी सात लाख दश हजार) कायम गरी बन्दोबस्त गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६:** मानेभन्ज्याङ गाउँपालिकाको १६औं गाउँसभाबाट लिब्जु सामुदायिक क्याम्पस अनुदान शिर्षकमा रू १५,०००००।-(अक्षरूपी पन्ध्रलाख) विनियोजन भएको रकमबाट लिब्जु सामुदायिक क्याम्पसको च.नं.३४/०८१/८२ मिति २०८२/०३/१६ गतेको पत्रसाथ संलग्न भौतिक प्रगति प्रतिवेदन बमोजिमको रकम क्याम्पसको खातामा भुक्तानी/निकासा गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६:** मानेभन्ज्याङ गाउँपालिकालाई चालु आ.व. २०८१/०८२ मा संघीय सरकारद्वारा शिक्षामा पहुँच, समावेशीकरण र गुणस्तर सुधार कार्यक्रम शिर्षकमा प्राप्त विशेष अनुदान रकम रू २,८५,००,०००।– (अक्षरूपी दुई करोड पचासी लाख) रकमबाट मिति २०८२ साल बैशाख १९ गतेको कार्यापलिका बैठकको निर्णय नं. २ मा अनुमोदन भएको शिर्षकगत रकम तपसिल बमोजिमको शिर्षकमा संशोधन गरी अनुमोदन गर्ने निर्णय गरियो।

तपसिल

| भएको | | | संशोधित | | |
|---|---|---|---|---|---|
| क.सं. | शिर्षक | बजेट | क.सं. | शिर्षक | बजेट |
| १ | स्मार्ट बोर्ड तथा आइसिटी तालिम | २००००० | १ | स्मार्ट बोर्ड तथा आइसिटी तालिम | ० |
| २ | विभिन्न विद्यालय विद्युतीकरण तथा मर्मत | ३००००० | २ | विभिन्न विद्यालय विद्युतीकरण तथा मर्मत | ० |
| ३ | आधरभूत (कक्षा ६ देखी ८ सम्म) शिक्षकका लागि विषयगत तालिम | ५००००० | ३ | आधरभूत (कक्षा ६ देखी ८ सम्म) शिक्षकका लागि विषयगत तालिम | १००००० |
| | | | ४ | विद्यालयको लागि फर्निचर व्यवस्थापन | ९००००० |
| जम्मा | | १०००००० | | | १०००००० |